घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np


प्रथम पटक प्रकासित मिति :२०८०/१२/०३

## सुचना

घोराही उप-महानगरपालिका कृषि तथा पशुपन्छी ब्यबसाय प्रबर्द्धन शाखा (कृषि) को आ.ब. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि जैबिक बिविधता संरक्षण सम्बन्धि तपसिल बमोजिमका कार्यक्रम संचालन गर्नका लागि यस नगरपालिकाका ईच्छुक कृषक/कृषक समुह/ कृषि सहकारी/सामुदायीक वीउ बैंकमा आबद्ध अन्य कृषकहरुवाट कार्यक्रम संचालनका गर्न दरखास्त आव्हानका लागि सुचना प्रकासित गरिएको छ ।यो सुचना प्रथम पटक प्रकासित भएको मितिले १५ दिन भित्र (मिति २०८०/१२/१७ गते र अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यलय खोलेको दिन) भित्र घोराही उप-महानगरपालिका कृषि तथा पशुपन्छी ब्यबसाय प्रबर्द्धन शाखा (कृषि) घोराही दाङमा तपसिलका कागज संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिन्छ ।

**तपशिल**

| क्र.स. | कार्यक्रम | प्रति कार्यक्रम अनुदान रकम सहकार्य |
|---|---|---|
| क) | सामुदायिक बीउ बैंक स्थापना एवं सुढृढिकरण लागि सहयोग | • रैथाने वालीको सामुदायीक वीउ बैंक स्थापनाका लागि छनोट गरिएको सामुदायमा कार्यरत कृषक,कृषकसमुह/कृषि सहकारी र संघसंस्थाहरुले संचालन गर्ने रैथाने वाली एवं जातको संरक्षण र उपयोग एवं वीउ उत्पादन वीउ उत्पादन सम्बन्धी कृयाकलापहरुको विस्तृत कार्य योजना निमार्ण तथा कार्यान्वयनमा सघाउनुको अलावा बिउ भण्डारण तथा प्रसोधन कार्यको लागि मेसीनरी उपकरणमा ५०% अनुदान ।<br>• कृषि जैविक विविधता संरक्षणका लागि विविध गतिविधिहरु कार्यान्वयन गर्न, वीउ साटासाट एवं खरिद गर्न, सदस्यहरुको अत्यावश्यक आबश्यकता पुरा गर्नका लागि ऋण प्रवाह गर्न आदि कार्यका लागि कोष खडा गर्न सामुदायक विउ वैंक वा जैविक विविधता संरक्षणमा संलग्न कृषक समुह तथा सहकारीलाई वीउ पुँजि उपलब्घ गराउन सकिनेछ । उनिहरुले बीउ पुँजीका लागि जम्मा गरेको रकम बराबर हुने गरी अधिकतम् रु एक लाख वीउ पुँजी उपलब्ध गराउने । |
| ख) | स्थानिय आबश्यकतामा आधारित सहयोग | • स्थानिय स्तरमा जैविक विविधता संरक्षणका लागि आबश्यक ठानिएका क्रियाकलापहरु कृषक र अन्य सरोकारवालाहरुको माग समेतको आधारमा जैबिक बिविधता संरक्षण सम्बन्धि बिभिन्न रैथाने जातको धान, तरकारी तथा अन्यबाली खेति गर्ने कृषक समुह/ कृषि सहकारीहरुलाई अनुदान सहयोग । |

**नोट :**

- रैथाने जातको सुचिमा परेका स्थानिय जातको धान, स्थानिय तरकारी र अन्य वाली आदिको खेति गरि जैबिक विविधता संरक्षण कार्यक्रममा संलग्न भई बिभन्न क्रियाकलाप संचालन गरेको हुनु पर्ने ।

* रैथाने जातको खेति लगाएको ४५ दिन पश्चात सम्बन्धित विषयको प्राबिधिक सहितको अनुगमन समितिको स्थलगत प्रमाणीकरण गराउनु पर्नेछ ।

**पेश गर्नु पर्ने कागजात**

१. निवेदन
२. प्रस्तावना पत्र
३. नागरिताको प्रतिलिपी
४. समुह/सहकारीको हकमा दर्ताको प्रमाण-पत्रको र निर्णय प्रतिलिपी भने फार्मको हकमा फार्म दर्ताको प्रतिलिपी ।
५. जग्गाधनि प्रमाण-पत्रको प्रतिलिपी ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

..............................
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीका लागि घोराही उप-महानगरपालिका कृषि तथा पशुपन्छी ब्यबसाय प्रबर्द्धन शाखा(कृषि) ०८२५९०४०६मा सम्पर्क गर्नु होला ।

<u>बोधार्थ</u>

सुचना तथा संचार प्रबिधि शाखा घोराही उप-महानगरपालिकाको ओभसाईडमा राखी दिनु हुन ।